नेपाल मानव अधिकार संगठन
Human Rights Organisation of Nepal
Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)
केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu
Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org

मिति: २०८१/१०/०३

## वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि भएको आक्रमण निन्दनीय !

मिति २०८१/१०/०२ गते काठमाडौं जिल्ला अदालतमा रास्वपाका सभापति रवि लामिछानेसहित प्रतिवादी र सुमन खनाल समेत जाहेरवाला रहेको संगठित ठगी मुद्दामा जाहेरवालाका तर्फबाट बहसपैरवीका लागि नियुक्त कानून व्यवसायी वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी मुद्दाको बहस पश्चात् अदालतबाट बाहिरिने क्रममा प्रतिवादीका समर्थकहरुले त्रिपाठीको बहसमा उठेका विषयलाई लिएर निजमाथि धक्का मुक्की गरेको विषयप्रति यस संगठनको गम्भीर ध्यान आकर्षित भएको छ ।

कानून व्यवसायीको व्यवसायिकता नै मुद्दामा नियुक्त गर्ने पक्षको प्रतिनिधित्व गरी पक्षको तर्फबाट बहस पैरवी गर्ने हो । वरिष्ठ अधिवक्ता त्रिपाठीले पेशागत मर्यादा र धर्म तथा व्यावसायिक आचरणमा रही गरेको बहस पैरवी र इजलास भित्र उठान भएका विषयलाई लिएर कोही उत्तेजित हुनु पर्ने वा अनर्गल व्यवहार गर्नुपर्ने अवस्था नभएपनि निज उपर आफूलाई लोकतान्त्रिक प्रणालीको हिमायति हुँ भन्ने दलका समर्थक भन्नेहरुले गरेको व्यवहारले न्यायिक स्वतन्त्रता, निष्पक्ष सुनुवाइको अधिकार, कानूनी शासन, नेपालको संविधानले दिएको स्वतन्त्रता र अधिकार, प्रचलित कानून तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय मान्यता र अन्तर्राष्ट्रिय कानूनले समेत प्रत्याभूत गरेको न्यायिक प्रतिनिधित्व तथा निष्पक्षताको अधिकारमाथि कुठाराघात भएको यस संगठनको ठहर छ । उक्त निन्दनीय कार्यको संगठन घोर भर्त्सना गर्दछ ।

अत: संवैधानिक, कानूनी, राष्ट्रिय, अन्तर्राष्ट्रिय मान्यता, अन्तर्राष्ट्रिय कानूनले समेत संरक्षित गरेको पक्षका तर्फबाट स्वतन्त्रतापूर्वक दवावरहित बहस पैरवी र न्यायपालिकाबाट निष्पक्ष स्वतन्त्र न्याय प्राप्त गर्ने अधिकारलाई अवरोध हुने गरी विपक्षिको कानून व्यवसायी माथि आक्रमण गर्ने जस्ता अराजक, मर्यादाहीन र गैह्र कानूनी गतिविधि नगर्न नगराउन, दोषि उपर तुरुन्त कारबाही गर्न गरांउन र कानून व्यवसायीको सुरक्षाको उचित प्रबन्ध गर्न नेपाल सरकार, न्यायिक नेतृत्व तथा सम्पूर्ण सरोकारवालाहरु समक्ष यो संगठन हार्दिक अपिल गर्दछ ।

इन्द्र प्रसाद अर्याल
अध्यक्ष
मो.नं.९८५१०५८३६८